# कोभिड-१९ संक्रमणको विशेष अवस्थामा सवारी चालक अनुमति पत्र परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७८

**स्वीकृत मितिः- २०७८/०५/१०**

**प्रस्तावनाः** कोभिड-१९ को संक्रमणबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी यातायात व्यवस्था कार्यालयहरुबाट भौतिक उपस्थितिमा संचालन हुने सवारी चालक अनुमति पत्रको लिखित तथा प्रयोगात्मक परीक्षा (ट्रायल) लाई सुरक्षित रुपमा सञ्चालन गर्न यातायात व्यवस्था विभागले यो मापदण्ड लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम **"कोभिड-१९ संक्रमणको विशेष अवस्थामा सवारी चालक अनुमति पत्र परीक्षा (सचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७८"** रहेको छ।

(ख) यो मापदण्ड यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "विभाग" भन्नाले यातायात व्यवस्था विभाग सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालयहरु सम्झनु पर्दछ।

(ग) "परीक्षा" भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त गर्न यातायात व्यवस्था कार्यालयहरुबाट लिईने लिखित तथा प्रयोगात्मक (ट्रायल) परीक्षा सम्झनु पर्दछ।

**३. लिखित परीक्षा सञ्चालन तथा व्यवस्थापनः** कोभिड-१९ संक्रमणको अवस्थालाई मध्यनजर गरी यातायात व्यवस्था कार्यालयहरुले देहाय बमोजिम परीक्षा सञ्चालन गर्नु पर्नेछ।

(क) नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड लागू गराउन सकिने गरी कार्यालयको जनशक्ति र परिक्षा सञ्चालनका लागि आवश्यक भवन र परीक्षा हलको उपलब्धताका आधारमा एक सिफ्टमा बढिमा १०० जना परिक्षार्थीको परीक्षा गराउन सकिने छ।

(ख) एउटा कोठामा बढिमा २५ जना परीक्षार्थी रहने गरी परीक्षा व्यवस्थापन गर्नुपर्नेछ। तर परीक्षा हल ठूलो भएमा स्वास्थ्य मापदण्ड पालन गर्ने गरी २५ जना भन्दा बढी परिक्षार्थीलाई सामेल गराउन सकिनेछ ।

(ग) परीक्षा सुरु हुनु भन्दा १५ मिनेट अघिमात्र परीक्षार्थीहरुलाई भिडभाड नहुने गरी परीक्षा हलमा क्रमसंख्या अनुसार प्रवेश गराउनु पर्नेछ।

(घ) कार्यालयले खुल्ला ठाँउ भएको विद्यालय वा अन्य भवनलाई लिखित परीक्षाको लागि खोजी गरी प्रयोग गर्नु पर्नेछ।

**४. प्रयोगात्मक (ट्रायल) परीक्षा सञ्चालन तथा व्यवस्थापनः** कोभिड-१९ संक्रमणको अवस्थालाई मध्यनजर गरी यातायात व्यवस्था कार्यालयहरुले देहाय बमोजिम प्रयोगात्मक (ट्रायल) परीक्षा सञ्चालन गर्नु पर्नेछ।

(क) नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पालन गरी कार्यालयको जनशक्ति र प्रयोगात्मक (ट्रायल) परीक्षा सञ्चालनका लागि आवश्यक स्थानको उपलब्धताका आधारमा परीक्षा संचालन गराउन सक्नेछन।

(ख) परीक्षा सुरु हुनु अगावै परीक्षार्थीहरुलाई उनीहरुको ट्रायल हुने समय तोकी तोकिएको समयमा परीक्षा सञ्चालन गरिनेछ। यसरी तोकिएको समयमा उपस्थित हुन नसक्ने परिक्षार्थीलाई अनुपस्थित भएको मानिनेछ र निजलाई सोही दिनको अन्य सिफ्टमा संचालन हुने परीक्षामा समेत सहभागी गराईने छैन।

(ग) परिक्षार्थीलाई प्रयोगात्मक परीक्षाको दिन, सिफ्ट र समयको जानकारी परीक्षा संचालन हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि उपलब्ध गराईनेछ।

(घ) यसरी परीक्षा संचालन गर्दा एक सिफ्टमा बढिमा ५० जना परिक्षार्थीलाई मात्र सहभागी गराईनेछ । यसरी परीक्षा दिने परिक्षार्थीको परीक्षा सम्पन्न नभएसम्म अन्य परीक्षार्थी र अनाधिकृत व्यक्तिहरूलाई परीक्षास्थलमा प्रवेश निषेध गरिनेछ।

**५. कार्यालय प्रमुखले गर्नुपर्ने कार्यहरूः**

(क) परीक्षामा खटिने कर्मचारीहरुलाई यस मापदण्डको पालना गर्ने/गराउने सम्बन्धमा परीक्षा सञ्चालन पूर्व आवश्यक अभिमुखिकरण प्रदान गर्ने।

(ख) परीक्षामा खटिने कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालन गर्न मास्क, पन्जा तथा स्यानिटाईजरको प्रयोग गर्न लगाउने।

(ग) परीक्षार्थीहरुलाई अनिवार्य रुपमा परीक्षा अवधिभर मास्क, स्यानिटाईजरको प्रयोग गर्न तथा भौतिक(सामाजिक) दूरी कायम गर्न लगाउने।

(घ) परीक्षा केन्द्रमा सम्पूर्ण परीक्षार्थीको सहज पहुँच हुने गरी हात धुन साबुन पानी तथा स्यानिटाईजरको व्यवस्था गर्ने।

(ङ) परीक्षा केन्द्रमा अनावश्यक भिडभाड नहुने गरी टोकन प्रणाली समेतको व्यवस्था मिलाउने।

(च) आकस्मिक प्रयोजनका लागि केही थान मास्क, स्यानिटाईजर तथा अत्यावश्यक स्वास्थ्य सामग्रीको व्यवस्था मिलाउने।

(छ) कोभिड-१९ संक्रमण भएका परीक्षार्थीहरुलाई निको भएपछि निजको रिपोर्ट हेरी प्राथमिकतापूर्वक परीक्षामा सामेल गराउने।

**६. परीक्षामा खटिने कर्मचारीहरुको जिम्मेवारीः**

(क) परिक्षामा खटिने कर्मचारीहरुले परीक्षा केन्द्रमा मास्क, पन्जा र स्यानिटाईजरको अनिवार्य रुपमा प्रयोग गर्ने।

(ख) परीक्षार्थीहरुलाई एक आपसमा भौतिक (सामाजिक) दूरी कायम हुने गरी स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई परीक्षा हलमा प्रवेश गराउने।

(ग) प्रश्न पत्र वितरण तथा हाजिरी गराउँदा उच्च सतर्कता अपनाउने।

(घ) परीक्षार्थीहरुसँगको भौतिक दूरी कायम हुने गरी परीक्षार्थीको पहिचान गरी उत्तरपुस्तिकामा हस्ताक्षर गर्ने।

(ङ) कागजातहरु छोएः पश्चात प्रत्येक पटक हात धुने वा स्यानिटाईजरको प्रयोग गर्ने।

(च) परीक्षामा खटिने कर्मचारीहरु कम्तिमा १ घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित भई सक्नु पर्ने।

**७. परीक्षार्थीहरुले पालन गर्नुपर्ने विषयहरुः**

(क) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि परीक्षार्थी स्वयमले अनिवार्य रुपमा मास्क, स्यानिटाईजर र आफ्नो पीउने पानीको व्यवस्था गर्नुपर्ने।

(ख) परीक्षा सुरु हुनु १५ मिनट अगाडि मात्र परीक्षा केन्द्रमा उपस्थित हुनु पर्ने।

(ग) परीक्षार्थीहरुले परीक्षा केन्द्रमा प्रवेश गर्दा, निस्किदा शौचालय प्रयोग गर्दा भिडभाड नगरी भौतिक (सामाजिक) दूरी कायम गर्नुपर्ने।

(घ) परीक्षामा खटिएका कर्मचारीले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने।

(ङ) परीक्षार्थीहरु परीक्षा केन्द्रमा समुह बनाई भेला नहुने।

(च) परीक्षा केन्द्रमा प्रवेश गर्नु अगाडि परीक्षार्थीहरूको शारीरिक तापक्रम मापन गरिने छ।

**८. कर्तब्यः** नेपाल सरकारबाट कोभिड -१९ संक्रमण सम्बन्धी जारी गरीएको स्वास्थ्य सम्बन्धी मापदण्ड तथा यस मापदण्डको पूर्ण पालना गर्नु परीक्षामा खटिने कर्मचारी, परीक्षार्थी तथा सम्बन्धित सबैको कर्तब्य हुनेछ।